# नेपालगञ्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके

लुम्बिनी, प्रदेश, नेपाल

## नगर प्रहरी सेवा करारमा (खुला/समावेशी) पदपूर्ति सम्बन्धी सूचना
**(सूचना प्रकाशित मितिः २०८३/०४/२१)**

यस नेपालगञ्ज उपमहानगरपालिकाको लागि नगर प्रहरी इकाईमा तपसिल बमोजिमको पद, तह र संख्यामा नगर प्रहरीको आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित रीतपूर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### १. आवश्यक माग पद संख्या :-

| सि.नं. | विज्ञापन नं. | पद | विज्ञापनको किसिम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/२०८३-०८४ | नगर प्रहरी हवल्दार | खुला | २ (दुई) | |
| २ | ०२/२०८३-०८४ | | महिला | १ (एक) | |
| ३ | ०३/२०८३-०८४ | नगर प्रहरी जवान | खुला | १० (दश) | |
| ४ | ०४/२०८३-०८४ | | महिला | ३ (तीन) | |
| ५ | ०५/२०८३-०८४ | | आदिवासी/जनजाति | २ (दुई) | |
| ६ | ०६/२०८३-०८४ | | मधेसी | २ (दुई) | |
| ७ | ०७/२०८३-०८४ | | दलित | १ (एक) | |

### २. आवश्यक न्यूनतम योग्यता :-

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १ | नगर प्रहरी जवान | १. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा एस.इ.इ. (SEE) वा सो सरह कक्षा उत्तीर्ण गरेको।<br>२. नेपाली नागरिक।<br>३. कुनै राजनीतिक दलको सदस्य नभएको।<br>४. कुनै विध्वंसात्मक संस्थाको सदस्य नरहेको।<br>५. स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।<br>६. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको। |

| | | |
|---|---|---|
| | | ७. छाती कम्तीमा नफुलाउँदा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको हकमा कम्तीमा नफुलाउँदा २७ इन्च र फुलाउँदा २९ इन्च भएको)।<br>८. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।<br>९. उचाई महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च भएको।<br>१०. तौल पुरुषको हकमा कम्तीमा ५० के.जी. र महिलाको हकमा कम्तीमा ४५ के.जी. भएको।<br>११. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने। |
| २ | नगर प्रहरी हवल्दार | १. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा एसइइ (SEE) वा सो सरह उतिर्ण गरेको ।<br>२. नेपाली नागरिक।<br>३. कुनै राजनीतिक दलको सदस्य नभएको।<br>४. कुनै विध्वंसात्मक संस्थाको सदस्य नरहेको।<br>५. स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।<br>६. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।<br>७. छाती कम्तीमा नफुलाउँदा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको (महिलाको हकमा कम्तीमा नफुलाउँदा २७ इन्च र फुलाउँदा २९ इन्च भएको)।<br>८. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।<br>९. उचाई महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च भएको।<br>१०. तौल पुरुषको हकमा कम्तीमा ५० के.जी. र महिलाको हकमा कम्तीमा ४५ के.जी. भएको।<br>११. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको हुनुपर्ने। |

# नेपालगञ्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके

लुम्बिनी, प्रदेश, नेपाल

३. **उमेरको हद :-**

| क्र.सं. | पद | उमेर हद |
|---|---|---|
| १ | नगर प्रहरी जवान | दरखास्त बुझाउने अन्तिम म्याद सम्म १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको। |
| २ | नगर प्रहरी हवल्दार | दरखास्त बुझाउने समयसम्म सेवानिवृत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी कर्मचारी ४५ वर्ष ननाघेको । |

४. **दरखास्त राजश्व (दस्तुर) :-**

| क्र.सं. | पद | राजश्व (दस्तुर) |
|---|---|---|
| १ | नगर प्रहरी जवान | दरखास्त फारामका साथ दरखास्त दस्तुर वापत रु.३००.०० (तीस सय मात्र) बुझाउनुपर्नेछ। एक भन्दा बढी समूहमा दरखास्त बुझाउने उम्मेदवारको हकमा प्रति समूह रु. १००.०० (एक सय मात्र) का दरले थप दस्तुर बुझाउनुपर्नेछ। |
| २ | नगर प्रहरी हवल्दार | दरखास्त फारामका साथ दरखास्त दस्तुर वापत रु.३००.०० (तीस सय मात्र) बुझाउनुपर्नेछ। एक भन्दा बढी समूहमा दरखास्त बुझाउने उम्मेदवारको हकमा प्रति समूह रु. १००.०० (एक सय मात्र) का दरले थप दस्तुर बुझाउनुपर्नेछ। |

५. **दरखास्त फाराम पाईने र बुझाउने स्थानहरु :-**

नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, प्रशासन तथा जनशक्ति विकास शाखा।

६. **दरखास्त फाराम दर्ता अन्तिम मितिः-** २०८३/०५/०४ गते कार्यालय समय भित्र (सो दिन कार्यालय विदा भएमा कार्यालय खुल्ने अर्को दिन कार्यालय समय भित्र)।

७. **दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः-**

क. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि - १ प्रति।

ख. आफूले हासिल गरेका शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपि - १/१ प्रति।

ग. हालसालै खिचेको पुरै मुखाकृति देखिने पासपोर्ट साइजको फोटो - ३ प्रति।

घ. पेश गरिने सबै सक्कल कागजातहरुको प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

ङ. **आदिवासी जनजातिको हकमाः** नेपाल आदिवासी/जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

च. **मधेसीको हकमाः** नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनि प्रमाणित गराएको कागजात।

छ. **दलितको हकमा**ः राष्ट्रिय दलित आयोगको सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

८. <u>छनौट विधिः-</u>

१.प्रारम्भिक स्वास्थ्य परीक्षण
२.शारीरिक तन्दुरुस्ती परीक्षा
३.विशेष स्वास्थ्य परीक्षण
४.लिखित परीक्षा
५.अन्तर्वार्ता

९. **<u>परीक्षा हुने मिति, समय र स्थानः-</u>**

पदपूर्ति समितिले सूचना प्रकाशन गरी तोकेको मिति, समय र स्थान।

१०. **<u>पारिश्रमिक तथा सुविधाः</u>- करार सम्झौता अनुसार।**

# नेपालगञ्ज उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके
लुम्बिनी, प्रदेश, नेपाल

**११. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपालगञ्ज उपमहानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (तेस्रो संशोधन, २०८३) तथा उपमहानगरपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्नुपर्नेछ ।

पदपूर्ति समिति
नगर प्रहरी भर्ना तथा छनौट